# भिमसेनथापा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाञ्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:०७६/०७७
च. नं. १४६४

मितिः२०७७/०३/१३

**विषय : योजना छनौट गरि पठाउने सम्बन्धमा ।**

श्री वडा कार्यालय(सवै)
भिमसेनथापा गाउँपालिका ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक वजेट तथा कार्यक्रम आगामी गाउँसभामा पेश गर्नुपर्ने भएकोले तहाँ कार्यालयबाट सामाजिक दुरी कायम राख्दै सहभागितात्मक योजना तर्जुमाको सवै प्रकृया पुरा गरी निम्न परिधि भित्र रही वढिमा रु ३५ लाख सम्मका योजनाहरु छनौट तथा प्राथमिकीकरण गरी वडा समितिवाट निर्णय गराई ३ दिन भित्र यस कार्यालयमा पठाउनु हुन आदेशानुसार अनुरोध छ।

१. गाउँपालिकाको निति तथा कार्यक्रममा समावेश गरिएका विषयगत क्षेत्रगत प्राथमिकताका आधारमा योजना तर्जुमा गर्नुपर्ने ।
२. एक वडा एक स्तरीय सडक निर्माणलाई वजेटको व्यवस्था गर्नुपर्ने।
३. कम्तिमा एउटा ठुलो योजना समावेश गर्नुपर्ने ।
४. कोभिड-१९ सम्वेदनशिलतालाई ध्यानदिई तत्कालिन आवश्यकतामा आधारित योजनालाई प्राथमिकता दिनुपर्ने ।
५. भारत तथा अन्य देशवाट आएका व्यक्तिहरुलाई लक्षित स्वरोजगारीमुलक कार्यक्रमलाई समावेश गर्नुपर्ने।
६. बढीभन्दा बढी जनश्रमदान जुट्ने र रोजगारी सिर्जना गर्ने योजनाहरुलाई प्राथमिकता दिनुपर्ने।
७. स्वास्थ्य, खानेपानी तथा कृषि क्षेत्रलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने ।

विवेक खनाल
अधिकृत छैठौं